# विजयको गीत

## श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे

## खेन्पो सोदार्गे



# विजयको गीत
## स्वर्गिक आनन्द दिने ढोलको सुमधुर ध्वनी

श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे
खेन्पो सोदार्गे



श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे

# विजयको गीत
# स्वर्गिक आनन्द दिने ढोलको सुमधुर ध्वनी

श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे

सुरुवात

शिर्षक

विजयको गीत- स्वर्गिक आनन्द दिने ढोलको सुमधुर ध्वनी

समर्पण

*सबै बुद्धहरुको ज्ञानको स्वरुप, जो सम्पुर्ण जिवहरुको रक्षक हुन्*
*पूजनीय मञ्जुघोष, जो बालकका रुपमा आउनुहुन्छ*
*सायद तपाईं सदैव मेरो हृदयमा रहनुहुनेछ, आठ पत्रे कमलको हाँगाजसरी*
*कृपा राख्नुहोस्, यसरी कि मेरा शब्दहरुले सारा चेतनशील आत्माहरुलाई भलो होस् ।*

*मुख्य पाठ*

*बज्रयान अभ्यासका लागि उत्प्रेरणा*

*अतुलनीय बज्रयान अभ्यासका फाइदाहरु*

*महान कुशलता, गम्भीर अनि तेजपुर्ण*
*मात्र यी श्लोकका श्रवणले हामीलाई संसाराबाट मुक्त हुन सहयोग मिल्दछ*
*र छ महिना यसको सार अभ्यास पश्चायत मुक्त हुने द्धार खुल्दछ*
*यी कुराहरुलाई आफ्नो मनमा गडाएर अभिलेख गर्नुस्*

जोछेन अभ्यासका अवस्थाहरु

*उनीहरु जो सर्वश्रेष्ठ शिक्षा प्राप्त गर्नको लागि भाग्यमानी भएका छन्*
*अनगिन्ती युगका पुर्व जीवनको पुण्यको कारणले मात्र यो फल प्राप्त भएको हुनुपर्छ*
*र समान अवस्थाले बुद्ध सामन्तभाद्रबाट आत्मज्ञान प्राप्त भएको हुनुपर्छ*
*धर्मका प्रियजनहरु, आफु स्वयमको लागि आफैँसँग खुशी हुनुहोस्*

बोधिचित्त जगाउन उत्प्ररित गर्नुहोस्

बोधिचित्त जगाउनुका कारणहरु

*सम्पुर्ण चेतनशील आत्माहरु जो भयानक सांसारिक समुन्द्रमा डुबेका छन्*
*उनीहरुलाई बुद्धत्वको स्वर्गिय आनन्द पाउनको लागि सहयोग गर्न*
*अरुलाई पनि समेट्ने जिम्मेवारी काँधमा लिएर*
*लालसारुपी विषालु खानालाई आफैँबाट हटाउन*

बोधिचित्त जगाउनुका फाइदाहरु

*यसले तल रहेका लोकहरुको ढोका बन्द गर्नेछ*
*र माथिल्लो लोकहरुको सुखप्राप्ती गर्न अवसर मिल्नेछ*
*अनि संसारिक मोहबाट पुर्ण मुक्ति दिनेछ*
*यसका महत्वपुर्ण शिक्षा लेउ, कतै नफँसी शिक्षा लेउ*

मनमा ज्ञानबोध जगाउनका लागि उत्प्रेरित गर्नुहोस
ज्ञानबोधका फाइदाहरु

*संसारका सारा विशाल घटनाहरुको लागि*
*कुनै आकंक्षाका विचारहरु नराख्*
*साँचो ज्ञानबोधलाई नियाल, संसार सजिएको विशिष्टतालाई नियाल*
*जसको लागि मानिव र भगवानले महान त्याग गरेका छन् ।*

ज्ञानबोध तोड्नुको गल्तीहरु

*सम्पुर्ण क्षणीक वा विशिष्ट खुशीहरु*
*सच्चा ज्ञानबोध अवलोकनपछि आएका परिणामहरु हुन्*
*र ज्ञानबोध तोडेको खण्डमा उसले तलको लोकमा जन्म लिनेछ*
*सहि निर्णय गर तिमी र अल्मलिएर नफँस*

सात्विक व्यक्तित्व विकास गर्न उत्प्रेरित गर्नुहोस्
सात्विक व्यक्तित्व विकास गर्नुका कारणहरु

*आफ्नो वचन र निर्णयप्रति दृढ रहनुहोस्*
*मनमा दाया करुणाले भरिएको मानिस हुनुहोस्*
*आफैँलाई लामो समयको लागि लाभ मिल्नेगरि*
*थोरै जानकारी पनि हालको समय अरुको लाभको लागि हो*

सात्विक व्यक्तित्व व्यवस्थापनका फाइदाहरु

*असल गुण भएको मानिसका यी मानकहरु हुन्*
*र सम्पुर्ण विगत, वर्तमान र भविष्यका बुद्धहरुको सिर्जनात्मक सार*
*अनि चारै आकर्षणका धर्मका पनि सार*
*तिमी मध्ये जो कोहि, मेरा शिष्यहरु, कहिल्यै, कहिल्यै नबिर्स !*

समापन
समर्पण

सम्पुर्ण चेतनशील आत्माहरुमा म यो पुण्य समर्पित गर्न चाहन्छु
मेरो कामना छ उनीहरु संसारको यो खाल्डोबाट पार पाउन
कामना छ मेरा शिष्यहरुका हृदय आनन्दले भरिउन्
र पश्चिमको अलौकिक स्वर्गमा उनीहरुको पुर्नजन्म होस्

गीत निर्माणको पृष्ठभुमी

*तिब्बती क्यालेन्डरको सत्रौँ चक्रमा र अग्नी मुसक वर्षको समय, श्रद्धेयी गुरु र शिष्यहरुले सम्पुर्ण बाह्य, आन्तरिक र रहस्यमी बाधाहरुमागि विजय प्राप्त गरेका थिए । उक्त शुभ दिनमा, गवाङ लोद्रो सुङमेदद्धारा उक्त विजयको उत्सव मनाइएको थियो र बिनातयारी पाँच हजार गुम्बाका सेवकहरुको सामुन्ने गाइएको थियो, साधु !*

केहि आफ्ना विचार
विजयको गीत
खेन्पो सोदार्गे

**विषय तालिका**

**मुलपाठको महत्व**
**मुलपाठको पृष्ठभुमी**
**मुलपाठको शिर्षक**
**मन्जुश्रीप्रति समर्पण/श्रद्धान्जली**
**अतुलनीय बज्रयान अभ्यासका फाइदाहरु**
**जोःछेन अभ्यासका अवस्थाहरु**
**बोधिचित्त जाग्नुका कारणहरु**
**बोधिचित्त जाग्नुका महत्वहरु**
**ज्ञानबोधी अवलोकनका महत्वहरु**
**ज्ञानबोध तोड्नुका बेफाइदाहरु**
**सत्गुण व्यक्तित्व विकासका कारणहरु**
**सत्गुण व्यक्तित्व व्यवस्थापनका महत्वहरु**
**समर्पण**

**गीत निर्माणको पृष्ठभुमी**

**मुलपाठको महत्व**

**श्रद्धेयी गुरु जिग्मे फुटसोक रिन्पोछे ज्यूको जीवनको धार्मिक क्रियाकलापहरुलाई छ तहमा विभाजन गर्न सकिन्छ । यी पाठहरु क्रमशः उपदेशको विहानीले भिज्नु/बहनु, मेरा अन्तरहृदयका शीतहरुजस्ता उपदेश, महजस्ता उपदेशका थोपा, विजयको गीत, चार सवारीका सिकाईहरु अनि सम्पुर्ण देखिने र अस्तित्वमा रहने आकर्षणका सिकाईहरु । यसका साथै, श्रदेयी गुरु निर्वाण गमनहुन पुर्वका सिकाइहरु पनि रहेका छन् ।**

यी पाठहरु छोटो समयमा कुनै पाठ्यक्रमका शोधपत्रबाट निकालिएका साधारण लेखहरु हैनन्, यी त श्रद्धेयी गुरुको जिन्दगीभरका अनुभव, सिकाई र अभ्यासले आर्जन गरेको बोध विवेकबाट आर्जन गरिएका कुराहरु हुन् । उनै गुरुका बोध, उनको जीवनी र महत्वका आधारमा बुद्ध शाक्यमुनी देखि गुरु पद्मसम्भवसम्म एक महान महात्मा र आत्माज्ञानी गुरु हुन् भन्ने प्रमाणीत हुन्छ । सिर्फ पूर्व जन्ममा मात्र उनले पर्याप्त पुण्य कर्म गरेनन्, यहि वर्तमान जीवनमा पनि उनले ६० वर्ष भन्दा पनि अधिक समय बुद्धका सिकाइहरुलाई अध्ययन, अनुभुति र अभ्यास गरिरहेका छन्, पाँच वर्षको कलिलो उमेर देखि हालको उमेरसम्म । श्रद्धेयी गुरुले आफ्नो सम्पुर्ण जीवन चेतनशील आत्मा र बुद्धवादमा आफ्नो जिन्दगी निछावर गरिदिएका छन् र उनका बुझाई, सिकाई बोधको गम्भीरताका गहिराईहरु अनमोल रत्नसरह छन् ।

विजयको गीत पाँच हजार संघको सामुन्ने पुजनीय गुरुबाट तिब्बती क्यालेन्डरअनुसार २१ सेप्टेम्बर, १९९६ को विजयोत्सव मनाउने क्रममा आशुरचना भएको बज्र दोहा हो, जुनदिन श्रद्धेयी गुरु र वहाँका शिष्यहरुबाट बाह्य, आन्तरिक र रहस्यमयी बाधाहरुलाई हटाइएको थियो ।

एकपटक खेन्पो सोर्दागेले पढाउने क्रममा भन्नुभएको थियो, "जोसँग आत्मिक बोध छ उनीहरुले विजयको गीतको अलौकिक अर्थ बुझ्ने छन् । जुनबेला हाम्रा श्रद्धेयी गुरुबाट यो शिक्षा प्रदान भएको थियो । विगतमा जुनबेला श्रद्धेयी गुरुबाट जुनबेला शिक्षा प्रदान हुँदै थियो, साँचो अर्थमा त्यसबेला हामीलाई यसको मुल्य थाहा थिएन । यद्यपी, धर्ममा आधारित रहेर समय गुज्रदैं जाँदा, धार्मिक शिक्षाका विविध

सिद्धान्त, उपदेशको खोज अनि बोधसँगै, हामीलाई श्रद्धेयी गुरु एकदमै असमान्य गुण भएका अलौकिक मानव हुन् भन्ने महशुष भयो ।

जहाँसम्म बुद्धद्धारा सिकाइएका चौरासी हजार शिक्षाको कुरा छ, हाम्रो जीवनभरको समय ती बुझ्नका लागि अपर्याप्त छ । यद्यपी, श्रद्धेयी गुरुद्धारा ती सिकाईहरुलाई आफ्नो अभ्यास र बोधका आधारमा सुन्दर तरिकाले साना साना सारमा रुपान्तरण गर्नुभएको छ, हामीले यी कुरालाई महत्वमा राख्दै अर्थबोध गर्नुपर्छ ।

सैद्धान्तिक भएर भन्नुपर्दा, धर्म अभ्यास गर्नेहरुले सुत्र र तन्त्र दुवै पढ्नुपर्छ, जस्तो महायानका पाँच उपचारहरु । तर छोटो जिन्दगीमा, हामी कति बाँच्छौ भन्ने कुरा जान्न सकिँदैन । पलभरको समयमा धेरै परिवर्तनहरु हुन्छन् र केहि कुरा निश्चित छैन । त्यसर्थ, सम्पुर्ण अभ्यासकर्ताको लागि सारमा भएका महान जानकारीहरुको महत्व एकदम ठूलो हुन्छ, नत्र संसारबाट बिदा भएर जानेदिनसम्म उनीहरु पूर्ण तयार हुन सक्दैनन् ।

श्रद्धेयी गुरुद्धारा आफ्ना सम्पुर्ण शिष्यहरुलाई धर्मका पाठ अध्धयन गर्नु वा गराउनु पुर्व विजयको गीतलाई एकपटक सिकाउनु र गाउनु आग्रह गरिएको छ, जसको कारण धर्मिक सिकाइको बेला आउने बाधाहरुबाट पार पाइन्छ । यस्तरी नै, यदि कसैले सच्चा मनले धर्मको पालना गर्न चाहन्छ भने, विजयको गीतको पुर्वपाठले यी मनोकांक्ष पुर्ण हुनेछ, साथै पाठको क्रममा आउने बाधाहरुबाट पनि पार लगाउनेछ । थपमा भन्नुपर्दा, विजयको गीतको पाठ गरेमा वा जहिँकहिँ लिएर गएमा यदि कुनै बाधा धर्मको अभ्यास र अध्ययनको क्रममा आए उक्त बाधा एक सहज वातावरणको रुपमा परिणत हुनेछ । त्यसकारणले श्रद्धेयी गुरु फेरि पनि पटकपटक बिन्ती गर्नुहुन्छ जो वहाँको शरण परेको छ जोडिएको छ विजयको गीतलाई स्मरण गर्नुहोस् र यसको तात्विक अर्थ बुझ्नुहोस् ।

मुल पाठको पृष्ठभुमी

सन् १९९५, सेप्टेम्बरतिर जब श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे ताइवान यात्रा गर्दै नेपाल आइपुगेर अमितायुस बुद्धयोगको अभ्यास गुरु पद्मसम्भव गुफामा विश्राम गर्दै लिने योजना गरिरहुन भएको थियो । तर छेन्गु आइपुगेसँगै, पासपोर्टसम्बन्धी प्रक्रियागत समस्याहरु पर्न गयो । यी बाहेक वहाँको स्वास्थ्यमा पनि समस्या देखियो, तर छेन्गुमा रहेको हस्पिटलको स्वास्थ्य समस्याको कारण भने थाहा पाउन सकेछ । यहि कारणले पनि वहाँ पाँच महिनासम्म छेन्गुमै रहि खाना खाने विशेष परिस्थितिमा बाहेक अन्य बेला शब्द पनि उच्चारण नगरि समाधी अवस्थामा लिन हुनुभयो ।

एक रात फेरि, सपना देख्ने क्रममा वहाँले पुज्य अतिशा (शास्त्रीय बुद्धवादका एक प्रसिद्ध गुरु), पूज्य ड्रोमतोन्पा( अतिशाका प्रमुख शिष्यहरुमध्ये एक), जु मिफाम रिन्पोछे (तिब्बती बुद्धवादका प्रसिद्ध दार्शनिक), र लामा लोद्रो, सबै उपस्थित भएको देख्नुभयो । पुज्य अतिशाद्धारा प्रेम र करुणाले भरिएका शान्त नजरले श्रद्धेयी गुरुलाई हेर्नुभएछ । पूजनीय ड्रोमतोन्पाले भन्नुभएछ, ‘हामी पुज्य अतिशाले तिम्रो चिन्ता लिनुभएको कारणले आएका हौं । यो समुन्द्रका ठूला ज्वारहरु मार्च १०मा अन्त्य हुनेछ, तिमीले कुराहरु बुझ्यौ हैन ? (यसको मतलब श्रद्धेयी गुरु, त्यस दिनसम्म सम्पुर्ण रुपमा पुर्ण स्वस्थ्य भइसक्नुहुनेछ ।) पुज्य अतिशा र पुज्य ड्रोमतोन्पा त्यसपछि हराउनुभयो ।

जु मिफाम रिन्पोछे भने भव्यतापुर्वक बस्नुहुँदै पद्भसम्भवलाई धेरै श्रमपुर्वक प्रार्थना गरिरहनु भएको थियो र यसको कारण श्रद्धेयी गुरुको अन्यौलता र भिन्नताको कारण सिर्जिएको विविध खराब विचारहरुले सिर्जिएका बाह्य, आन्तरिक तथा रहस्यमयी बाधाहरु थियो । मिफामज्यूको कार्य सम्पन्न भएसँगै वहाँ बिजुलीको गतिमा अलप हुनुभयो ।

लामा लोद्रोबाट पनि केहि विनयपुर्ण सुझाव आएका थिए: "तपाई महान पूर्णताको उज्यालोमा रहनुपर्छ, जहाँ उपस्थिति र शुन्यताको मिलन हुन्छ। आफ्नो ध्यान लगाउनुस्, र बोधिचित्तद्धारा सम्पुर्ण चेतनशील आत्माहरुलाई सहयोग गर्नुहोस्, उनीहरुको दुःख पीडालाई आफ्नो खुशीसँग साटिदिनुहोस्। अनिमात्र यी अनिश्चित परिस्थितिहरु शुन्यतामा विलिन हुनेछ।" वहाँले पनि केहि नयाँ शिक्षाहरु दिई उज्यालोमा हराउनुभयो।

यो सपनापश्चायत, परमपुज्य गुरुको स्वास्थ्य विस्तारै सुधार हुन थाल्यो, पुज्य ड्रोमतोन्पाका भविष्यवाणी जस्तै वहाँ मार्च १० सम्म पुर्ण स्वास्थ्य हुनुभयो। लारुङ्ग गर फर्कने क्रममा वहाँका सम्पुर्ण शिष्यहरुद्धारा भव्य स्वागत भएको थियो। वहाँले त्यसै दिन विजयको गीत बिनातयारी सम्पुर्ण सेवकहरुको सामुन्ने मञ्चमा गाउनुभएको थियो। त्यहाँ उपस्थिति सम्पुर्णको खुशीको वर्णन गर्न सकिन्थेन। र हान शिष्यहरुको त्यो उपस्थतिलाई वहाँले राक्षस मारामाथि भगवान बुद्धको विजयसँग तुलना गर्नुभयो।
पाठको शिर्षक

सुरुवात
शिर्षक
विजयको गीत- स्वर्गिक आनन्द दिने ढोलको सुमधुर ध्वनी

पाठको शिर्षकको अर्थ
शिर्षकअनुसार विजयको अर्थ अभ्यासकर्ताले आफ्नो गुरुको आर्शिवाद र त्रि-रत्नहरुबाट आफ्ना सम्पुर्ण बाह्य, आन्तरिक र रहस्यमयी बाधाहरुलाई पार गर्ने क्षमता प्राप्त गर्छन्। गीतको अर्थ दोहा हो, जो आत्माज्ञानको एक तहपश्चायत आफसेआफ गाइन्छ। पवित्र ढोल तेत्तिसौं स्वर्गको एक विशाल ढोल हो, जसको उपस्थितिका कारण श्रद्धालु मानिसहरु हुन जसले महान पूण्य काम गरेका छन्।

विजयको गीतलाई 'स्वर्गिक आनन्द दिने ढोलको सुमधुर ध्वनी'को बिम्बमा उतारिएको छ किनभने यस ढोलमा प्राकृतिक ध्वनी छ जसले भन्छ "सम्पुर्ण पवित्र आत्माहरु, नडराउ।" (असुरसँग जब ढोल प्रयोग गरेर लडिएको थियो, उक्त सुमधुर ध्वनीको मद्धतले त्यसबेला उनीहरुले असुरमाथि विजय प्राप्त गरेको थियो। यसकारण यहि प्रसंगको आधारमा मान्दै विजयको गीत र पवित्र ढोलको सुमधुर ध्वनीको शिर्षक रहन गयो। यो छोटो पाठमा सुत्रयान र तन्त्रयानका शिक्षाहरुसँग जोडिएको अन्तर्ज्ञान पनि

समावेश छन्, जसको साथमा श्रद्धेयी गुरुको आफ्नो जीवनकालभरिको अभ्यासद्धारा सहज बनाइएका ज्ञान पनि रहेका छन् ।

मार्गका चार दृष्टीकोणहरु

मार्गका तीन तत्वहरुअन्तर्गत, लामा सोङ्गखापा८द्धारा तीन मुख्य मार्ग तत्वको बारेमा व्याख्या गर्नुभएको छ, र ती हुन् त्याग, बोधिचित्त र दुविधाविहिन विवेक । यद्यपी, यो छोटो पाठमा, श्रद्धेयी गुरुद्धारा मार्गको सम्पुर्ण आत्माज्ञानलाई चार तत्वमा बुझाउनु भएको छ जसमा थप सात्विक व्यक्तित्वको चर्चा गरिएको छ । दुविधामुक्त विवेक दुवै महायानी र बज्रयानी मार्गीहरुमाझ व्याख्या गर्न सकिन्छ । विजयको गीतमा, दुविधामुक्त विवेकको व्याख्या महान पुर्णताको दृष्टीकोणबाट व्याख्या गरिएको छ, वा भनौं जोछेन९, महायानी शिक्षाका अनुरुप शुन्य दृष्टीकोणको आधारमा बज्रयान अभ्यासको सबभन्दा माथिल्लो तहको आत्माज्ञान ।

महान पुर्णताको आत्मानुभुति, आध्यात्मिक अभ्यासकर्ताद्धारा प्राप्त गर्न इच्छाइएको प्रमुख आत्माज्ञानजतिकै छ । र यस्तो आत्माज्ञानको लागि कस्तो पुर्वतयारी हुनुपर्छ ? उक्त तयारी हो बोधिचित्त । बोधिचित्त बेगर, जस्तो शान्तिदेव बोधिचित्तको मार्गको विषयमा भन्नुहुन्छ, आत्माज्ञानलाई पुर्ण महशुष गर्न सकिन्न, चाहे उसले जतिनै महान पुण्यता कमाएको होस् । त्यसो भए हाम्रो चेतनामा बोधिचित्त कसरी जागृत हुन्छ ? यसको लागि सबैभन्दा पहिले आफ्नो विचारहरुको त्याग गर्न आवश्यक छ, जसको सफलतासँगै मानिसको चरित्र सात्विक रुपमा रुपान्तरण हुन्छ । त्यसकारण, सात्विक व्यक्तित्वको क्रमागत अभ्यास राम्रो मान्छे बन्नलाई हुनपर्छ, विचारको त्यागले सांसारिक मोहसँगको आकर्षणलाई पनि त्यागिन्छ, बोधिचित्तको अभ्यासले सम्पुर्ण जीवात्मालाई बुद्धत्व प्राप्त गर्न सहयोग मिल्छ, साथै जोछेनको अभ्यासले आत्माज्ञानलाई एकै जीवनभित्र सम्पुर्णता प्राप्त गर्न सकिन्छ । यहि मार्गभित्र चार पक्षलाई सारांशसहित विजयको गीतमा समावेश गरिएको छ।

मञ्जुश्रीप्रति श्रद्धान्जली

समर्पण

सबै बुद्धहरुको ज्ञानको स्वरुप, जो सम्पुर्ण जिवहरुको रक्षक हुन्
पूजनीय मञ्जुघोष, जो बालकका रुपमा आउनुहुन्छ
सायद तपाईं सदैव मेरो हृदयमा रहनुहुनेछ, आठ पत्रे कमलको हाँगाजसरी
कृपा राख्नुहोस्, यसरी कि मेरा शब्दहरुले सारा चेतनशील आत्माहरुलाई भलो होस् ।

मञ्जुश्रीप्रति साचो भक्तिभाव

श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे यस पंक्तिमा भन्नुहुन्छ, "दशै दिशाका सम्पुर्ण बुद्धहरु चेतनशील आत्माका रक्षकर्ताहरु हुन् । ती सम्पुर्ण दशै दिशाका बुद्धहरुको ज्ञान मञ्जुश्रीभित्र समाहित छ, जो एक बालकको रुपमा ती चेतनशील आत्मालाई सहयोग गर्न आएका छन् । तिनै मञ्जुश्रीलाई प्रार्थना गरेसँगै मेरो आत्माको आठ पत्रे कमल उनको भिन्न आर्शिवादको उज्यालोले भरिनेछ र मेरो कमलरुपी हृदयको हाँगाहाँगासम्म पुग्नेछ । म प्रार्थना गर्छु, मञ्जुश्रीको करुणाको शक्तिले, मेरा शब्दहरुले यस संसारका सम्पुर्ण चेतनशील आत्माहरुलाई सहयोग गरोस् ।

यहाँ आठपत्रे कमल र हृदयको विचको प्रसंग उठाइएको छ, जसको बज्रयान मार्गभित्र बृहत बाह्य, आन्तरिक र रहस्यमयी अर्थहरु छन्, र अहिले यसको सविस्तार व्याख्या यहाँ गरिने छैन ।

यो मञ्जुश्रीप्रतिको समर्पण/श्रद्धान्जली हो । श्रद्धेयी जिग्मे फुन्टसोक रिन्पोछेद्धारा जब वुटाईका पहाडमा मञ्जुश्रीसँग भेट गर्नुभयो त्यहाँबाट वहाँले मञ्जुश्रीलाई आफ्नो देव मान्न थाल्नुभयो, कहिँकतै वहाँले केहि विशेष लेख्नुभयो भने वहाँ सुरुवातमा वहाँ उक्त काम मञ्जुश्रीलाई समर्पण गर्नुहुन्छ । यसबाट वहाँको मञ्जुश्रीप्रतिको विशेष आस्था प्रष्ट हुन आउँछ ।

बाल्यकालबाटै श्रद्धेयी गुरुको मञ्जुश्रीप्रति गहिरो लगाव थियो । वहाँको जीवनी११ ओम अरपकाना धिः अनुसार, मञ्जुश्रीका मन्त्रहरु उनले जन्मनसाथ ठूलो आवाजमा गाउनुभएको थियो । जब वहाँ ६ वर्ष उमेरका हुनुभयो, वहाँले मञ्जुश्रीका बलिया (सिंह) भनाईहरु लिखित ग्रन्थको प्रतिलिपि, चट्टानहरुको पत्रपछाडी लुकेको अवस्थामा पाउनुभयो, र वहाँले त्यसको ग्रन्थको अन्तिम हरफ देख्नुभयो जहाँ लेखिएको थियो कि भारतमा एक ९९ वर्ष पुगेका बृद्ध मानिसको सामुन्ने मन्जुश्री प्रकट हुनुभयो तब उक्त एकदिनकै अभ्यासले आत्माज्ञान प्राप्त गर्‍यो ।

श्रद्धेयी गुरुले सोच्नुभएछ, "यदि त्यस्तो बृद्धले पनि आफ्नो एक दिनको अभ्यासले मञ्जुश्रीसँग भेट गर्ने अवसर पाउँछ भने, म पनि कुनै बाधाबेगर अभ्यासले आत्माज्ञान प्राप्त गर्न सक्छु किनकी म सुरुवात एकदमै सानो उमेरबाट भएको हो ।" वहाँ उत्साहित हुनुभयो र पुर्ण ध्यान लगाई केहि दिनसम्म अभ्यास गर्नुभयो । फलतः वहाँले ती अनुभुतीहरु प्राप्त गर्नुभयो, र स्वाभाविक रुपमा तन्त्र, सुत्रका ग्रन्थ तथा त्यसका सारहरुको विषयमा दक्षता हासिल गर्नुभयो ।

श्रद्धेयी गुरु धर्मका अभ्यासकर्ताहरुलाई प्रायजसो मञ्जुश्रीका मन्त्रहरु गाउन र प्रार्थना गर्न लगाईरहनुहुन्छ, किनकी अन्य बुद्धहरुको तुलनामा मञ्जुश्रीबाट प्राप्त हुने आर्शिवाद विशेष हुन्छन् । एक साधारण व्यक्तिको हिसावले बुद्ध शाक्यमुनीको आर्शिवाद वा बोधिसत्व मञ्जुश्रीको आर्शिवाद बलियो हो भनेर छुटाउन सकिँदैन तर सान्दर्भिक अनि सबन्धित सुत्रको आधारमा केहि निश्चित विचारमा भने हामी पुग्न सक्छौं ।

सरसर्ति हेर्दा, मञ्जुश्री सिर्फ बोधिसत्वजस्ता मात्र देखिन्छन् । तर सुत्रहरुलाई आधार मानेर हेर्ने हो भने उनलाई बुद्धत्व धेरै समय पहिला नै प्राप्त भइसकेको थियो र सम्पुर्ण बुद्धहरुको बोधज्ञान र दशै दिशाका बोधिसत्व प्राप्त भएको थियो । ृनी सम्पुर्ण बुद्धहरुका पिताका रुपमा चिनिन्थे । उनले अनगिन्ती चेतनशील आत्माहरुलाई बुद्धत्व प्राप्त गर्न र बोधिचित्त जगाउनको लागि सहयोग गरेका थिए । यसर्थ उनको आर्शिवादको शक्तिको अदभुततालाई सामान्य मान्न सकिन्न ।

मन्जुश्रीको आर्शिवादबाट जोकोहिले लाभ लिन सक्छन् । रहस्य चैं के हो भने उसको अस्था वैधानिक हो या हैन । खेन्पो सोर्दागेको एक शिक्षण अनुसार, जब उनी एकपटक बुटाई पहाड घुम्न निस्केका थिए, उनी मञ्जुश्रीको दर्शनप्रति पुर्ण आशावादी थिए, यद्यपी उनले मञ्जुश्रीलाई देख्न पाएनन् । तर मञ्जुश्रीकै थोरै निगाहको मद्दतले धर्मका पाठहरुको पठनको क्रममा उनले एकदमै थोरै समयमा त्यसलाई स्मरण गर्न समर्थ भए । यसबाट खेन्पो सोदार्गेले विभिन्न खाले मानिसहरुमाझ आस्थाका विभिन्न तहहरु हुन्छन् भन्ने बुझे तर जबसम्म मञ्जुश्रीको आर्शिवाद उनीहरुसँग रहन्छ, सम्पुर्ण ग्रन्थका तन्त्र र सुत्रका सार उनीहरुले बुझ्न र स्मरण गर्न सक्नेछन् । यदि मञ्जुश्रीप्रति उनीहरु पुर्ण लिन हुन्छन् भने,

जन्म जन्मको लागि उनीहरुमाझ आत्मिक बोध रहिरहनेछ । र यससँगै, सम्पुर्ण वुद्धको आर्शिवाद उनको चेतनाको निरन्तरतामा रहिरहनेछ ।

मञ्जुश्रीको महान कथा१२

एकबेलाको कुरा हो, जुनबेला बुद्ध धर्मको प्रवचन गिद्ध हिमालमा दिइरहनु भएको थियो, सोहि हिमाल मुनि एक सुनौल किरण नाम गरेकी अद्भुद वेश्या बस्ने गर्थिन् । उनी अत्यन्तै सुन्दरी र अत्यन्तै आकर्षक थिइन् । तर त्योभन्दा पनि विलक्षण थिया उनेको शरीरको सुनौलो उज्यालो तेज । जसको कारणले सम्पुर्ण सम्राट, मन्त्रीहरु र सबैखाले पुरुष उनीप्रति मोहित थिए । तथापी उनी सानो जातकी वेश्या थिइन्, उनी सदैव ठूलो भीडले घेरिएकी हुन्थिन् ।

एकदिन जब उनी एक धनाढ्य व्यापारीको छोरासँग किनमेलको लागि बजार गएकी थिइन् । उनीहरु एक रमाइलो मेलामा जाने योजना बनाइरहेका थिए । यसैक्रममा मञ्जुश्री स्वयमले भने आफैँलाई एक सुन्दर पुरुषमा रुपान्तरण गरे, कारण उनलाई ज्ञात थियो र अबको परिस्थितिले अद्भुद सुनौलो किरणलाई आत्माज्ञान प्राप्त हुने वाला थियो । मञ्जुश्रीको सम्पुर्ण शरिर धप्धपी बलिरहेको थियो । अद्भुद सुनौले किरणले भर्खरै गुज्रिएको उक्त युवाको शरीरको तेज उनको तेजको तुलनामा अधिक छ भनेर महशुष गर्न सक्थिन् । युवाको शरिरको तेजको सामु उनको तेज फिका लाग्थ्यो । उनले कपडा किन्ने योजना तत्काल त्यागिन् र उक्त धनाढ्य व्यापारीको छोराको सवारीबाट तत्काल उत्रिन्, अबको लागि उक्त तेज बोकेको युवा उनको नयाँ योजना थियो ।

तत्काल वैष्णवको साथ माग्दै मञ्जुश्रीले अद्भुद सुनौलो किरणलाई सल्लाह दिए, "तिमी युवाप्रतिको आफ्नो लालसापूर्ण चाहना जाग्रत नगर, किनकी ऊ बोधिसत्व मञ्जुश्री हो, जो सम्पुर्ण बुद्धहरुको ज्ञानले भरिएको छ । बरु ऊ तिम्रो चाहना पूरा गर्न सक्छ । माग के माग्न चाहन्छौ ?" अद्भुद सुनौलो किरणले भनिन्, "मलाई अरु केहि चाहिन्न, सिर्फ उनले लगाएको वस्त्र बाहेन ।" मञ्जुश्रीले जवाफमा बोले, "यदि बोधिको ढोका तिमी पार गर्‍यौ भने, म तिमीलाई यो वस्त्र अवश्य उपलब्ध गराउनेछु ।" केहि नबुझेर उनी अकमक्क पर्न थालिन्, मञ्जुश्रीले यसैबेला उनलाई थप जानकारीहरु दिए ।

गिद्ध हिमालमा भने मञ्जुश्रीको विषयमा पठाउँदै गर्दा शाक्यमुनी बुद्धको प्रशंसापुर्ण आवाज गुन्जियो, "अति सुन्दर !" र खबौं ब्रम्हान्डहरुमाझ हलचल मच्चियो । र त्यसैबेला मञ्जुश्रीको नोकरले बुद्धलाई त्यसो भन्नुको कारण सोधे । बुद्धले शान्तपुर्वक जवाफ दिए, "बोधिसत्व मञ्जुश्री आफ्नो करुण र विवेकको मद्धतले बौद्धधर्मलाई फैलाउनको लागि एक वेश्याको आत्माज्ञान जगाउन लाग्नुभएको छ । यदि तिमी केहि सिक्न चाहन्छौ भने जान सक्छौ ।" यसरी बुद्धका धेरै शिष्यहरु मञ्जुश्री भएका स्थानमा पुगे । केहि शिष्यहरुले धर्मको आँखाबाट साँचो अर्थमा सत्यलाई महशुष गर्न सक्थे । केहिले भने सत्यको अपुर्ण जन्मलाई देख्न मात्र सामर्थ्य भए र केहिले भने गैर-अवनतिपुर्ण शिक्षा प्राप्त गरे । दशौँ हजारौँ चेतनशील आत्माले मञ्जुश्रीको प्रवचन सुनेपश्चायत प्रत्यक्ष लाभ प्राप्त गरे ।

अद्भुद सुनौलो किरणमाझ भने संसारमा कसैको पनि आफ्नो व्यक्तिगत स्वरुप नरहेको सिद्धान्तको बलियो चेतको विकास भयो । र मञ्जुश्रीका ज्ञानहरुलाई पछ्याउँदै आफ्ना सम्पुर्ण बाँकी जीवन आनी बन्ने चाहना जागृत भयो । तर मञ्जुश्रीले बताए कि त्यागको अर्थ कपाल नै खौरनु पर्छ भन्ने हैन, बरु बुद्धधर्मको पुर्णमनन गर्दै आफ्नो व्यक्तिगत चाहनाहरुको त्याग गरि अरुको भलाईमा लाग्नु हो । र यसका साथमा उनले अद्भुद सुनौलो किरणलाई उक्त धनाढ्य व्यापारीको छोराको गाडीमा फर्कि ऊसँगै जान सुझाव दिए ।

जब अद्भुद सुनौलो किरण र धनाढ्य व्यापारीको छोरा रमाइलो मेला पुगे, उनीहरुले जीवनको अस्थायीत्व महशुष गरे र अद्भुद सुनौलो किरणले उनको अंगालोमा आफ्नो प्राण त्यागिन् । सुरुवातमा उसलाई अत्यन्तै दुःख महशुष भयो । तर जब उनको शरिर क्रमशः कुहिन थाल्यो, रगत र पिप उनको आँखा, कान, नाक र मुखबाट गन्हाउँदै बग्न थालेसँगै ऊ एकदमै त्रसित भयो र सोहि भावमा ऊ शाक्यमुनी बुद्धको शरणमा गिद्ध शिखर पुग्यो । शाक्यमुनी बुद्धले बुद्धधर्मका भागहरु छुटाइदिए, र उनलाई सत्यको अपुर्ण पाटोको बारेमा पुर्ण ज्ञान हुँदै गयो । बुद्धले अनुमान लगाए, "बोधिसत्व मञ्जुश्रीको कृपाले उनी यति समर्पित भइन् कि अबको लागि अद्भुद सुनौलो किरण भविष्यको बुद्धको संसारमा बोधिसत्वको लागि तयार भइन् । उनलाई अनमोल बुद्धको प्रकाशको रुपबाट चिनिनेछ । र उनकै कारणले पनि तिमी पनि बोधिसत्व प्राप्त गरि बोधिसत्व सत्गुण प्रतिभा बन्नेछौ ।"

धनाढ्य व्यापारीको छोरा अल्मलमा पर्न गयो, "अद्भुद सुनौलो किरण किन बुद्धत्व प्राप्त गर्न चाहन्थिन्, जबकी उनी आफैं बोधिसत्व मञ्जुश्रीका शिष्य थिइन् ? यद्यपी म, बुद्धको चेला रहि, के बोधिसत्व मात्र प्राप्त गर्न सक्छु ?"उनी यो बुझ्न सकिरहेका थिएनन् । बुद्धले उनलाई स्पष्ट पार्दै भने, "बोधिसत्व मञ्जुश्रीको गुण अकल्पनीय छ । म स्वयमले पनि, आफ्नो बोधिचित्त विकास गर्नको लागि मञ्जुश्रीको सामुन्ने बाचा लिएको थिए, जसरी अनगिन्ती बुद्धहरुले विगतमा लिएका थिए त्यसरी नै वर्तमानका र भविष्यका अनगिन्ती बुद्धहरुले पनि लिनुपर्नेछ ।

अनमोल शिक्षा बुझ्ने सहि तरिका/प्रेरणा
श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछेले यो पाठको निर्माण आफ्नो विरामीबाट पार पाउनको लागि मात्र निर्माण गर्नु भएको हैन न कुनै सम्पति वा आफ्ना खुशीको लालसाले निर्माण गर्नुभएको हो । बरु यो त, जगको भलाईको लागि मञ्जुश्रीको कृपा आर्शिवाद केहि समय वा अनन्तको लागि आफ्ना शब्द र सिकाइहरुबाट प्रार्थना गरिएर रचिएको हो । यस्तरी नै, हामीले पनि वहाँको सिकाईबाट आफ्नो प्राथमिकताहरुलाई बुझ्न जरुरी छ । कतिपय मानिसहरुमा कुनै लक्ष्यबेगर पछ्याउने बानी मात्र हुन्छ । उनीहरुले अरु सिक्न गएको मात्र देख्छन्, र बिना लक्ष्य पछ्याउँछन् मात्र । सारमा भन्नुपर्दा धर्मको एक लक्ष्य भने सिर्फ एक मानिसको मात्र स्वार्थभन्दा पर असंख्य चेतनशील आत्माको भलाई गर्नु हो । सम्पुर्ण अभ्यासकर्तालेे यो बुझ्न र बुझाउन जरुरी छ ।

मुख्य पाठ
बज्रयान अभ्यासका लागि उत्प्रेरणा
अतुलनीय बज्रयान अभ्यासका फाइदाहरु
महान कुशलता, गम्भीर अनि तेजपुर्ण
मात्र यी श्लोकका श्रवणले हामीलाई संसाराबाट मुक्त हुन सहयोग मिल्दछ
र छ महिना यसको सार अभ्यास पश्चायत मुक्त हुने द्धार खुल्दछ
यी कुराहरुलाई आफ्नो मनमा गडाएर अभिलेख गर्नुस्

जोछेनका अद्भुद गुण
अतुललिय पुर्ण कुशलता, तथागतर्भको सारयुक्त तेजको अवगत गराएपनि साधारण मानिसको लागि बुझिहाल्न अलि कठिन छ, यसैकारणले पनि यसको कमजोर बोधको लागि आलोचना गरिने गरिएको छ । यद्यपी यसका श्लोकहरु मात्र सुन्ने हो भने मानिसले संसाराबाट मुक्ति सजिलै मुक्ति पाउन सक्छ र उक्त महान क्षमताको विकासको लागि उसले ६ महिनासम्म दत्तचित्त भए उक्त पाठको सारको अभ्यास गर्नुपर्छ । यसरी मात्र हामीले आफ्नो हृदयमा पुर्ण कुशलता गहिरोगरि कुदिँएको पाउँछौ ।

पुर्ण कुशलता सम्पुर्ण सुत्र र तन्त्रहरुको सार हो र यसको गुण व्याख्याभन्दा परको कुरा हो । मानिसहरुले यसको श्रवण, पाठको स्पर्श वा शरिरसँगको सम्पर्क वा यसको अर्थ बुझेमा मात्र पनि मुक्ति पाउँछन् । आर्यवेद, मध्यमार्गका चारसय श्लोकहरु, का अनुसार, शुन्यतालाई लिएर जो मानिसहरुलाई शंका भए पनि तीन लोकको चक्रबाट छुटकारा पाउन सक्छन् । अतुलनीय बज्रयानका अध्येताको लागि त यो अझ धेरै साँचो कुरा हो ।

यदि कोहि आफ्नो गहिरो आस्था र दृढा अठोटसहित क्रमागत रुपबाट तयारी, मुख्य तयारी र निश्कर्षमा जोछेन अभ्यास गरेको खण्डमा छ महिनामा स्वतन्त्रता प्राप्त गर्छ । बज्र पञ्जारा१३ तन्त्रमा यी कुरा व्यक्त गरिएको छ, "यदि कसैले पुर्ण विश्वास र अठोट सहित छ महिनासम्म यसको अभ्यास गर्छ भने, बज्रधाराबाट उसले यसको फल प्राप्त गर्दछ ।" तन्त्रको महत्वपुर्ण सपथमा पनि यसको व्याख्या गरिएको छ, "पुर्ण विश्वास र अठोटको सहारामा, कसैले बज्रधाराको फल छ महिना मै प्राप्त गर्न सक्छ ।" यसलाई चेत्सुन निन्थिग१४ र लोन्छेन निन्थिग१५मा पनि व्याख्या गरिएको छ ।

यसकारण पुर्ण कौशलता अत्यन्तै अलौकिक छ । जु मिफाम रेन्पोछेले शिक्षा दिने क्रममा भन्नुभएको थियो, "यो क्षययुक्त युगमा, चेतनशील प्राणीहरु भारी र गहिरा दुःखहरुले भरिएका छन् । जो धर्मका उपायहरुद्धारा नियन्त्रण गरिहाल्न सकिन्न । तर एकपटक दुःखबाट सम्पुर्ण रुपमा पुर्ण कौशताबाट पार पाउन सकिन्छ ।"

पुर्ण कौशलता विशेष भएको कारणले पनि होला श्रद्धेयी गुरुद्धारा यसलाई नकार्न वा निन्दा नगर्न आग्रह गर्नुभएको थियो । यदि कसैले आफ्नो आस्था वा भक्ति जगाउन सकेन भने यसलाई छोड्नु नै उचिन हुन्छ, अथवा विश्वसनिय शिक्षकको सहारामा आफ्नो शंकालाई दुर गर्न सक्छ । यद्यपी, कसैसँग प्रमाणै बेगर बज्रयानप्रति पुर्वाग्राहपुर्ण नकारात्मक विचार भने हुनुहुन्न ।

जोछेन अभ्यासकर्ताको एक अद्भुद कथा

खेन्पो सोदार्गेको प्रवचनको क्रममा वहाँ स्वयमले थोरै जोछेन अभ्यासकर्ताको अनुभुतिलाई साक्षात्कार गर्न पाउनुभएको थियो र उनीहरुका मृत्यु अघि शुभ संकेतहरु देखिएका थिए । वहाँ आफै मिङ हुई नामकी हान भिक्षुणीसँग प्रभावित हुनुभएको पनि कुरा गर्नुभएको थियो जसको कथा तल राखिएको छ ।

बज्रयानप्रति मिङ हुइको एकदम गहिरो भक्ति थियो । यथार्थमा, उनी हान क्षेत्रमा फैलिएको बिमारी मध्ये एक थिइन् जसको उपचार भइरहेको थियो । उनले त्यसैबेला थाहा पाइन्, श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे लारुङ गारमा जोछेन सिकाउन गइरहनुभएको छ । उनलाई जीवनको क्षणिकता महशुष भयो, र आफ्नै जीवनको आयु पनि कति हो भन्ने अनविज्ञतामा शिक्षा लिन लालयित भइन् । श्रद्धेयी गुरुद्धारा लोङछेन्पाको सजहताको खोजी र मनको प्रकृतिमा सहजता माथि प्रवचन दिनुभएको थियो र उक्त १०० दिनको कक्षामा उनले सक्रियतापुर्वक अध्ययन गरिन् ।

सन् १९९३, १ सेप्टेम्बरसम्म, जब सम्पुर्ण कक्षा समाप्त भयो, उनी हान क्षेत्रमा डक्टरबाट थप उपचार प्राप्त गर्न निस्किन् । र सन् १९९४ मार्च १ तिर, उनको धर्मका साथी अनि सेवक जेन रु भिक्खुनीद्धारा खेन्पो सोदार्गेलाई वहाँहरुको निवासस्थल जिनफेङ्ग गुम्बाबाट बोलाए । उनले मिङ्ग हुईको मृत्युको जानकारी त्यसैबेला दिए र बताए उनको मृत्युको समय उनी ध्यान मुद्रामा बसेर आफ्नो वंशगुरु र अभिताभलाई स्मरण गरिरहेका थिए । उनको शरिर खुम्चिदैं जाँदा उनभित्र विलक्षण शुभ संकेतहरु देखिन थाल्यो । यो ठ्याक्कै मृत्युअघिको छ महिना उनले शिक्षा ग्रहण गरेको समय थियो । यो भिन्न दिन कदाचित थिएन । बरु, एकदम दुर्लभ घटना थियो ।

खेन्पो सोदार्गेका अनुसार, भिक्षुणी मिङ हुइमा उच्च बुद्धिमता थिएन, तर उनको भक्ति बलियो थियो । पुर्ण कुशलताको विशिष्ट क्षमता हासिल गर्नको लागि चाहिने प्राथमिक पुर्णतयारी भनेकै दृढ अठोट र भक्ति नै हो । विशेष बज्रयान प्रति आस्था अनि जसको गुरु भक्तिसाथै त्रि-रत्न प्रति पुर्ण विश्वास छ भने उक्त आत्माहरुको भक्ति डग्माउँदैन, मृत्युको घडीमा पनि डग्मगाउँदैन । यस्ता मानिसले बरु महान उपलब्धीहरु हासिल गर्छन् । यसमा श्रद्धेयी गुरुले आफ्नो धारणा पनि राख्नुभएको थियो, ‘‘पूर्ण कुशलतालाई अहिलेको कलियुगमा प्राप्त गर्नु धेरै नै कठिन छ, किनकी यो बाटो नै विशेष छ ।’’ यी कुराहरुलाई हामीले मनन गर्न जरुरी छ ।

जोछेन प्रारम्भिक अभ्यास

धेरै जसो बज्रयानका अनुयायीहरु आज पनि मस्तिष्कको प्रकृति पत्ता लगाउनका लागि प्राचिन साँचोपना र उज्यालोप्रति विश्वास गर्छन् । यद्यपी, एक साधारण अभ्यासकर्ता भएको नाताले यसलाई प्रारम्भिक चरणबाटै अभ्यास गर्न जरुरी छ, जसको लागि सुरुवात सशक्तिकरणबाट हुँदै मुख्य अभ्यासतिर बढ्नुपर्ने हुन्छ । पुजनीय लोङछेन्पा, मिफाम रेन्पोछे र श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछेद्धारा यी सम्पुर्ण अभ्यासको कठिन आवश्यकतालाई सहज हुनेगरि व्यवस्थापन गरिदिनुभएको छ । अभ्यासका लागि यी कुराहरु ज्यादै महत्वपुर्ण छन् नत्रभए आत्माज्ञान सम्भव हुन्न । अझ सामान्य गरि बुझ्दा यो कमजो चर भएको भवनमा सुन्दर अर्थ सहितको चित्र बनाएजस्तै हो । यसको त्रुटी के हो भने, उक्त कमचोर चर भएको भवनको आयु ज्यादा हुन्न । त्यसैकारण हामीले सुन्दर सन्देश सहितको चित्र त्यसबेला मात्र बनाउनुपर्छ जुनबेला हाम्रो भवनको चर बलियो र सुरक्षित छ ।

जोछेन अभ्यासका अवस्थाहरु

जोछेन अभ्यासका अवस्थाहरु

उनीहरु जो सर्वश्रेष्ठ शिक्षा प्राप्त गर्नको लागि भाग्यमानी भएका छन्
अनगिन्ती युगका पुर्व जीवनको पुण्यको कारणले मात्र यो फल प्राप्त भएको हुनुपर्छ
र समान अवस्थाले बुद्ध सामन्तभाद्रबाट आत्मज्ञान प्राप्त भएको हुनुपर्छ
धर्मका प्रियजनहरु, आफु स्वयमको लागि आफैँसँग खुशी हुनुहोस्

बुद्ध सामन्तभाद्रको समान अवस्था
"सर्वश्रेष्ठ शिक्षा" भन्नाले यहाँ जोछेनको महान पाठ भनेर बुझ्नुपर्छ, र "जो भाग्यमानी भएका छन् " भन्नुको अर्थ जसले पुर्ण कुशलतालाई पालना वा सुन्न अवसर पाका छन् व भनौं जसको जोछेनसँग एकदमै घनिष्ट सम्बन्ध रहेको छ । श्रद्धेयी गुरु भन्नुहुन्छ, "महान कुशलताकोसँग जसले साक्षत्कार पाएको छ, यसको कारण भनेकै उसका अघिल्ला जन्महरुमा उसले कमाएको पूण्यको परिणाम हो । यस्तो शिक्षा प्राप्त गर्नु भनेको, यथार्थमा, बुद्ध सामन्तभाद्रजस्तै समान कर्मको अवस्था हुनु हो । त्यसकारण धर्मका प्रियजनहरु खुशी हुनुहोस् ।"

हामी सबै जीवनमा आफ्ना गुरुप्राप्त गर्नको लागि भाग्यमानी छौं । वहाँहरुको बज्रयानमा आधारित शिक्षा, सशक्तिकरण र सरल जानकारीहरु हामीले प्राप्त गरिरहेका छौं । यी बज्रयानका सुन्दर आत्मीयताहरु हाम्रा अनगिन्ती अमूल्य जीवनका सहि कर्मका परिणाम हुन् । पुजनीय लोङछेन्पाले विशिष्ट सवारीका महत्वपुर्ण गहना१६ मा दुइ अनुमान गर्नुभएको छ ।

१.हामी यो जन्ममा अतुलनीय बज्रयानसँग जोडिनुको कारण, हामीले पुर्व जीवनमा असंख्य बुद्धहरुलाई भिक्षा दिएको हुनुपर्छ वा उनको प्रवचन सुनेर उनको अनुयायी वा शिष्य भएको हुनुपर्छ ।

२. हामी अतुलनीय बज्रयानसँग जोडिनको कारण, हामीले पक्कै यो जन्ममा आत्माज्ञान प्राप्त गर्छौं, नभए बार्डोको समय अथवा भविष्यमा ।

यसरी बौध तर्कहरुको आधारमा, कसैले बज्रयानलाई अध्ययन गर्ने वा सुनेको छ भने, सो व्यक्तिको बज्रयानसँग कुनै आलौकिक सम्बन्ध हुनैपर्छ । अझ भन्ने हो भने, हामी बुद्ध सामन्तभाद्रकै समान स्थितिमा छौं, कारण हामीले जोछेनलाई अनुभुत गर्ने सुवर्ण अवसर पाएका छौं । यसका कारण हो सामन्तभाद्रले स्वयमको स्वतन्त्रलाई एक पलमा यो औलोकिक तान्त्रिक धर्मको कारणले महशुष गरे । यो हाम्रो अनगिन्ती जन्मका असल कर्महरुको एकमुष्ट फल हो जसको कारणले हामी यो महान शिक्षासँग साक्षात्कार भएका छौं ।

प्रज्ञापरमिता सुत्रमा भनिएको छ, एक मान्छे जो जंगलमा हराएको छ उसले कुनै गोठालालाई देख्यो भने गाउँ नजिकै छ भन्ने कुरा महशुष गर्न सक्छ । एक गोठालाले उसको म हराउँछु भन्ने डरलाई हटाउन सक्छ । त्यसरी नै बज्रयानी मार्गका एक गुरुको मार्गदर्शनले, एक बल्छीमा परेर बगरमा पुग्न लागेको माछाले फेरि पानीमा जाने स्वतन्त्रता पाएजस्तो स्वतन्त्रता पाउँछ ।

बज्रयानका सपथहरु नतोड्नुहोस्
यदि बज्रयानलाई निन्दा गर्ने वा गुरु वा वहाँको शिक्षालाई धोका कसैले दिन्छ भने, यसका परिणाम घातक हुनेछ । बज्रयानका सपथहरु एकदम कठोर छन्, जो कोहि जसले यी सपथ तोड्छन्, उसले पाप कर्म गरेका ठहर्नेछ र उसको स्थान एकदमै तल्लो लोकहरुमा हुनेछ । र यी सिर्फ बज्रयानका सपथहरुमा मात्र लागु हुँदैनन्, बोधिसत्वका सपथहरुमा पनि लागि हुन्छन् अझ भनौं बौद्ध धर्मावलम्बीहरुको लागि पनि यी कठोर छन् । यदि कोहि त्रि-रत्नको शरणमा आज रहेर, भोली त्यसैको विषयमा निन्दा गर्छ भने, ऊ अवस्य पनि ऊ एकदमै तल्लो स्थानमा रहेका तीन लोकमा पुग्नेछ । यसकारण श्रद्धेयी गूरले आफ्नो अर्को प्रवचनमा भन्नुभएको थियो, यदि कसैले यो जन्ममा आफ्ना सपथहरु तोड्दैन भने ऊ कमजोर अभ्यासकर्ता हुँदा हुँदै पनि अर्को जन्मसम्म पुर्ण भने हुन्छ । बज्रयान अभ्यासको लागि आफ्नो सपथको मान राख्ने दृढ इच्छाशक्ति हुनपर्छ ।

बोधिचित्त जगाउनुका कारणहरु
बोधिचित्त जगाउन उत्प्ररित गर्नुहोस्

बोधिचित्त जगाउनुका कारणहरु
सम्पुर्ण चेतनशील आत्माहरु जो भयानक सांसारिक समुन्द्रमा डुबेका छन्
उनीहरुलाई बुद्धत्वको स्वर्गिय आनन्द पाउनको लागि सहयोग गर्न
अरुलाई पनि समेट्ने जिम्मेवारी काँधमा लिएर
लालसारुपी विषालु खानालाई आफँबाट हटाउन

हामीले परम्पराहरुको जिम्मेवारी किन लिने ?
हामीले स्वार्थ जो एक विषालु खानाजस्तै छ त्यसलाई त्याग्दै अन्यलाई फाइदा पुऱ्याउन ठूलो जिम्मेवारी आफ्नो काँधमा लिनुपर्छ, जसको कारणले संसारको दुश्चक्रबाट चेतनशील जीवहरुले मुक्ति पाउँदै बुद्धत्वको परम आनन्द महशुष गर्नेछन् ।
सामान्य गरि भन्दा, प्राणी जगतलाई दुइ भागमा विभाजन गर्न सकिन्छः ती आत्माज्ञान जागृत भएका प्राणीहरु जसले खुशीका र शान्तीका विशिष्ट वा अस्थायी अनुभुती गरेका छन् साथै अर्हात, प्रत्येकबुद्ध, बोधिसत्व, र स्वयम बुद्ध पनि जसले पुण्य र ज्ञानलाई पुर्णतया प्राप्त गरेका छन् । र अज्ञानी वा भ्रममा बाँचेका प्राणीहरु जसले आत्माज्ञानको बलमा शान्ती र खुशी कहिल्यै प्राप्त गरेका छैनन्, र आफ्नो कर्मका कारणले ऊ पुर्णतया संसारको दुश्चक्रको जटिल परिस्थितिहरुमा फँसेको छ ।

संसारा भन्नाले विना बाधा यताउता घुम्नु हो । संसारमा प्राणीहरुका ६ लोकहरु छ जो देव, असुर, मानिस जनावर, भोका राक्षस र नर्कका प्राणीहरु हुन् । सबै प्राणीहरु यहि छ लोकमा घुम्छन्, तीन तहमा उनीहरुको बढुवा हुनु भनेको त्यो लोकमा जानु हो जहाँ दुःखहरु कष्टकर हुन्नन्, यद्यपी तल्लो तीन लोकमा झर्नु भनेको आफ्नो पाप कर्मको फल अनुसार हुन्छ । चन्द्रकृतिको मध्यमार्गको परिचय अनुसार,

मानिसहरु म सोच्छन् "सुरुवातमा, आफुमा अड्कन्छन्
उनीहरु आफ्नो बारेमा सोच्छन्" र वस्तुहरुसँग जोडिन्छन्
पानीघट्टाको बाल्टीजस्तै उनीहरु बारबार आशक्त हुन्छन्
र त्यस्ता प्राणीहरुप्रति करुणा राख्दै म झुक्छु !

वैधानिक शिक्षा र आत्माज्ञान प्राप्त गरेका बुद्धहरु र बोधिसत्वको व्यक्तिगत दृष्टिकोटहरुको आधारमा हामीले स्पष्ट बुझिसकेका छौं कि सम्पुर्ण भ्रममा बाँचिरहेका प्राणीहरु अघिल्लो जन्ममा हाम्रा अभिभावक थिए र उनीहरुले कष्ट भोगिरहेका छौं । उनीहरुले होसियारीपुर्वक हाम्रो ख्याल अनि सेवा गरेका थिए, त्यसैले हामीहरु एकआपसमा जोडिएका छौं । यद्यपी उनीहरु हामीलाई चिन्न असमर्थ छन्, कोहि जसल एक तहको चेत हासिकल गरिसकेको छ आफ्नो शान्ती र खुशीको लागि उनीहरुलाई नजरअन्दाज भने गर्न सक्दैनौं बरु उनीहरुको लागि शान्ति र खुशीको निश्चिय गर्न सक्छौं । मतलब, संसारिक दुःखका भयावह समुन्द्रबाट मुक्ति दिँदै उनीहरुलाई परम आत्माज्ञान प्राप्त गराउन सक्छौं ।

यसर्थ, हामीले यो परम्पराको जिम्मेवारी आफ्नो काँधमा लिनुपर्छ ताकि हामी उनीहरुलाई मीठो खाना र राम्रो लत्ताकपडा दिएर अस्थायी सुख दिन सक्छौं र त्यसपश्चायन उनीहरुलाई अर्हात, बोधिसत्व र बुद्धत्वको आत्मज्ञानबाट परमआनन्द प्राप्त गर्न मद्दत गर्न सक्छौं । हामीले विषरुपी स्वार्थपनाबाट सकेजति टाढा रहनुपर्छ, नत्र यसको परिणाम विकारल हुन सक्छ । यसलाई शान्तिदेवकृत बोधिसत्वको मार्गमा हामी पढ्न सक्छौं ,

यदि आफु स्वार्थी भए म अरुलाई हानी गर्छु
पछि नर्कलोकमा म कष्ट बेहोर्छु
यदि अरुको लागि भए आफँलैाई हानी गर्छु
उत्कृष्ट सम्पुर्ण मेरो सम्पदा हुनेछ

आफ्नो विषरुपी स्वयमप्रतिको आकर्षण त्याग गर
विगतमा, जब रा लोत्सावा१७ आफ्नो भगवानलाई कुनै सुन्सान स्थानमा ध्यान गरिरहेका थिए, त्यहिबेला उनलाई त्यस्तो एकान्तमा जिन्दगीभर बस्ने चाहना जाग्यो । तर एक दिन उनको भगवानले भने, ''तिमी बाहिर गएर अन्य प्राणीहरुलाई सहयोग गर्न सक्छौ । र उक्त सेवाको पलभरको समय तिम्रो भगवानको ध्यानमा एकान्तमा बसि अर्पेको अर्बौं खर्बौं युग भन्दा महान हुनेछ ।'' अरुलाई सहयोग गर्ने सोचसहितको परम्परा आफ्नो स्वार्थको अनन्त वर्षहरुभन्दा धेरै नै पुण्यको काम हुनेछ ।

थपमा शान्तिदेवकृत बोधिसत्वको मार्गमा पनि भनिएको छ
सारा संसारका आनन्दहरु
अरुको खुशीको कामना गरेरै आएका छनु
सारा संसारका दु:खहरु
आफ्नो स्वार्थले कमाएका छन्
त्यसर्थ, हामीले आफ्नो बोधिचित्तलाई अभ्यासको क्रममा कतै गुमाउन दिनुहुन्न । प्रतुल रिन्पोछे पनि भन्नुहुन्छ, ''यदि हामीले अतुलनीय पुर्ण कुशलतालाई बोधिचित्तको क्षेत्रमा रहि अभ्यास गरेका खण्डमा, यो हिनायान वा तिर्थिकाको पनि अभ्यास हुनेछ ।''

श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे पनि भन्नुहुन्छ स्वार्थ भनेको विष सरह हो, जुन एक विशिष्ट रुपक हो जसको चिन्तन हामीले बारबार गरिरहनुपर्छ । घोर स्वार्थले भरिएको मानिसहरुको ढिलोचाँडो पतन हुन्छ नै, चाहे उनीहरु जहाँसुकै रहुन् । धेरै जसो हाम्रा तर्क, पीडा र झगडाहरु स्वार्थका उपज हुन्, जो स्वार्थत्यागको बेला उपस्थित हुनुहुन्न । त्यसैले हामी सच्चा बोधिसत्व बन्नकै लागि पनि यी कुराहरुलाई त्याग्न आवश्यक छ।

यथार्थमा, संसारका मनिसहरुको नानाभाति कुराहरुप्रति ध्यान दिनुभन्दा आफु जिवित अनि सक्षम रहुन्जेलसम्म अरुको सेवामा लाग्नपर्छ । चाहे मानिसहरु हामीले गरिरहेका कुराहरुप्रति ध्यान दिउन् या नदिउन्, हामी जसरी पनि सहि हुनेछौँ । मलाई के कुरामा विश्वास छ भने केहि मानिसहरुलाई हामी के गरिरहेका छौँ भन्ने कुराको जीवनकालभरि ज्ञात हुनेवाला छैन तर सम्पुर्ण बुद्ध, बोधिसत्व लगायत हाम्रा गुरुहरुलाई भने यो कुरा स्पष्ट हुनेछ । हाम्रा कारणका कानुन पनि प्रबल हुनेछन् । त्यसर्थ, कुनै मान मर्यादाको निम्ति अरुको सेवा गर्नुको कुनै मोल, अर्थ छैन । बरु संसारिक तत्वहरुको वास्ता गरेर आफँलैाई रोगी बनाउनु भन्दा, हामीले अरुको सक्दो सेवा गनुपर्छ ।

बोधिचित्त जगाउनुका फाइदाहरु
बोधिचित्त जगाउनुका फाइदाहरु
यसले तल रहेका लोकहरुको ढोका बन्द गर्नेछ
र माथिल्लो लोकहरुको सुखप्राप्ती गर्न अवसर मिल्नेछ
अनि संसारिक मोहबाट पुर्ण मुक्ति दिनेछ
यसका महत्वपुर्ण शिक्षा लेउ, कतै नफँसी शिक्षा लेउ

बोधिचित्तका फाइदाहरु

बोधिचित्त जगाउनुको फाइदाहरुमा फेदमा रहेका लोकको ढोकाहरु बन्द हुनेछ, जसको कारण हामीले मानिस र देवहरुले प्राप्त गर्ने सुख भोग गर्न पाउनेछौँ र संसारिक मोहबाट हामीले पुर्ण मुक्ति पाउनेछौँ । यो तथ्यको आधारमा, हरेक धर्मका अभ्यासकर्ताले आफ्नो शिक्षाको पालना कतै नभड्की गर्नुपर्छ ।

बोधिचित्तको फाइदा चाहे बोधिचित्तको आकंक्षा होस् या बोधिचित्तको क्रियाकलाप, अतुलनीय र अनन्त छ । यसलाई अभ्यासको सारसंक्षेप[१८], बोधिसत्वको मार्ग र धेरै महायानी सुत्रहरुमा सुन्दर तरिकाले वयाख्या गरिएको छ । साधारण गरि बुझ्दा बोधिचित्तलाई दुइ तरिकाले बुझ्न सकिन्छः

१. यदि कसैले साँचो बोधिचित्त जगाएमा, उसको मनमस्तिष्कमा रहेको सम्पुर्ण गलत कर्महरु हट्नेछन् र उसको लागि तल्लो लोकहरुको ढोका बन्द हुनेछ । शान्तिदेव भन्नुहुन्छः

अग्नी जसरी नै समयको अन्त्यमा,
भयंकर कुकर्महरु बोधिचित्तद्धारा नष्ट हुनेछन्
त्यसैले यसको महत्व अनन्त छ
जसरी दयालु अनि मायालु देव सुधनलाई भन्नुहुन्छ ।

पापकर्मको अर्थ अत्यन्तै गलत कर्महरु हुन् जसबाट शुद्ध हुन धेरै मुस्किल छ, जसलाई पाँच अपराधका तत्कालका कर्म[१९] द्धारा सञ्चित गरिएको छ, वा धर्मको निन्दा गरि कमाइएको छ । तर तिनीहरुलाई मनमा बोधिचित्त जागेको समय ग्रहण गर्न सकिन्छ, जस्तो संसारलाई अन्तिम समयमा आफ्नो अग्नीले जलाईरहेको आगो । यदि आफ्नो खराब कर्मलाई साफ गर्ने हो भने तल रहेका लोकमा जाने सम्भावना छैन ।

त्यसैले श्रद्धेयी गुरु भन्नुहुन्छ जो मानिससँग बोधिचित्त छ ऊ तल्लो लोकहरुमा जान सक्दैन । हामीले मर्नुअघि आफ्नो बोधिचित्त जगाउन सक्दो प्रयास गर्नुपर्छ र ख्याल गर्नुपर्छ बोधिचित्त जागेपछि नछुटोस्, यसरी हामी तल्लो लोकमा जन्मनुपर्ने बाध्यताबाट मुक्त हुनेछौँ ।

बोधिचि त्तको साथमा, कसैको सात्विक जड अझ बलियो बन्दै आउँछ । कालान्तरमा, उसले मानवको रुपमा पुर्नजन्म पाउँछ वा देवजसरी माथिल्लो लोकको सम्पुर्ण शान्ति र खुशी केहि क्षणको लागि पाउनेछ, साथमा जसले पाँच मार्ग र दश भुमीको पूण्यमाथि कौशलता प्राप्त गर्छ उसले बुद्धत्वको विशिष्ट एवम् अतुलनीय फल प्राप्त गर्छ ।

त्यसकारण, प्राणीको लागि बोधिचित्तको गुणहरु अत्यावश्यकीय छ । शान्तिदेव भन्नुहुन्छ,
दुखाई हटाउने पाण्डुलिपी,
संसारमा भ्रमीएको ती जो छन्, उनीहरुको खुशीको लागि
यो बहुमुल्य आचरण, यो मनको मोती
कसरी जाँचु, कसरी जितुँ ?

बुद्धद्धारा दिइएको सार

यी सार बुद्धद्धारा अनगिन्ती युग र अतुलनीय बोधको धेरै लामो समयसम्मको चिन्तनद्धारा निकालिएको सार हो । जसरी मानवसमाजलाई आफ्नो आविष्कारको मद्दतले सहयोग पुग्ने विश्वास सहित कोहि वैज्ञानिक आफ्नो परिक्षणमा लिप्त भएर लागेका हुन्छ । त्यसरी नै बुद्धद्धारा बोधिचित्तको खोज मानवसमाजको लाभ गर्नको लागि

भएको थियो । लामो समयसम्मको बारबारको प्रयासपश्यात अनगिन्ती प्राणीहरुले बुद्धत्वको विशिष्ट फल मनमा बोधिचित्त जगाएपछि प्राप्त गर्न सक्नेछन् । त्यसैले शान्तिदेव भन्नुहुन्छ,

विराट बुद्धहरु, जो युगौँयुगदेखि चिन्तन गरिरहनुभएको थियो
वहाँले देख्नुभएको थियो र निश्चय गर्नुभएको थियो,
अनन्त भीडहरुबाट यसैले जोगाउनेछ
र अलौकिक आनन्द सहजै दिनेछ

त्यसैले श्रद्धेयी गुरु आफ्ना सम्पुर्ण शिष्यहरुलाई बोधिचित्त जगाउन र बिना बाधा यसको आवश्यकीय अभ्यास गर्न उत्प्रेरित गर्नुहुन्छ । आफ्नो मनलाई सांसारिक आठ अवस्थामा फसाँएर आफ्नो दिशा गुमाउनु हुन्न । हामीले बोधिचित्तका सारको अभ्यास गरिरहनुपर्छ, कारण यो सम्पुर्ण अभ्यासहरुको लागि आवश्यक र महत्वपुर्ण कदम हुनेछ ।

ज्ञानबोधका फाइदाहरु
मनमा ज्ञानबोध जगाउनका लागि उत्प्रेरित गर्नुहोस
ज्ञानबोधका फाइदाहरु
संसारका सारा विशाल घटनाहरुको लागि
कुनै आकंक्षाका विचारहरु नराख्
साँचो ज्ञानबोधलाई नियाल, संसार सजिएको विशिष्टतालाई नियाल
जसको लागि मानिव र भगवानले महान त्याग गरेका छन् ।

वास्तविक सन्यासी मन
संसारबाट वास्तविक स्वतन्त्रता पाउनका लागि, हामीमा यो साधारण संसारको तडकभडकयुक्त घटना वा सम्पत्तिप्रति चाहनाको एक अंश पनि हुनुहुन्न । बरु हामीले ज्ञानबोधलाई चेतसहित नियाल्नपर्छ, जसको निम्ति मानव र भगवानहरुले आलौकिक त्याग गरेका छन् ।

जो मानिसहरु पुर्नजन्मको चक्रबाट मुक्ति चाहन्छन्, उनहरुको लागि मान, शक्ति, प्रतिष्ठा वा कुनै शारिरीक सुख बेअर्थपुर्ण छ र यससँग उनीहरु जोडिने चाहना राख्नुहुन्न । उनीहरुको लागि सुविधासम्पन्न गाडी र महलहरु एक सपना, भ्रम वा पानीका फोका सरह हुन् । उनीहरु सिर्फ मुखले ठीक्क मात्र पारिरहेका छैनन् बरु उनीहरुमाझ जल्दै गरेको घरजस्तो पलभरको पीडा झैं साँचो भावना छ । उनीहरु साँचो अर्थमा चिन्तन भएकाहरु हुन् ।

यद्यपी सुरुवातमा नन्दा२० जसरी नै सम्पुर्ण कमाई र सांसारिक लालसाहरु त्याग्नको लागि अप्ठ्यारो पर्नेछ । तर हामीले बौद्ध ग्रन्थहरु लामो समयसम्म अध्ययन गर्‍यौं भने, पक्कै पनि संसारका यी असुरक्षाप्रति चेतनशील हुँदै स्वयमभित्रको चिन्तनलाई जगाउन सक्नेछौं ।

त्यसो भए कसरी साँचो मनको ज्ञानबोधलाई जगाउने ? यसको लागि सांसारिक चार विचारहरुसँग जोडिनुभन्दा उत्तम उपाय अरु छैन: १) मानवको रुपमा जन्म लिनुको अमूल्यता २) जीवनको अस्थायीत्व ३) सांसारिक अवगुणहरु ४) कारण अनि त्यसको परिणामको नियम निश्चित छ । यी चार साधारण प्रारम्भिक अभ्यासले, ज्ञानबोधलाई हाम्रो हृदयभित्र अवश्य नै जगाउनेछ । त्यस समय, हामी कुनै कैदमा भएको विचलित प्राणीजस्तै संसारको दिन र रातबाट मुक्त हुनेछौं ।

लामा सोङखापा आफ्नो मार्गको तीन सिद्धान्तहरु मा भन्नुहुन्छ
मुक्ति र वरदान पाउनु कठिन कुरा हो

र नास गर्नको लागि समय जीवनसँग छैन
यी कुराहरुसँग नजिक रहे,
यस जन्मका आकर्षणप्रतिको धारणा बद्लिनेछ
र पटक पटक यसलाई मनन गरे
यसको असर र कर्मले धोका दिने छैन
र निरन्तर यदि अस्तित्वचक्रको चिन्तन गर्छौ भने
भविष्यमा हुने जन्मका मायामोहप्रति धारणा बद्लिनेछ

त्यसरी, जसरी तिमी सिक्नेछौ

त्यहाँ कुनै जागृति छैन, पलभरलाई पनि छैन
अस्तित्व चक्रको आकर्षणको कुनै पुर्णता छैन
र हर दिनरात स्वतन्त्रता खोज्दै चाहनाहरु जाग्नेछन्
अनि तिमीमाझ बोधको विचार आउनेछ ।

संसारको विशिष्ट सजावट
चिन्तनको जागृतीसँगै, हामीले ज्ञानबोध प्राप्त गर्ने र त्यसलाई सम्हालेर राख्नुपर्ने हुन्छ, जो मानिस र देवहरुले अर्पण गर्ने संसारकै सबैभन्दा सुन्दर सजावट हो । ज्ञानबोध सम्पुर्ण सात्विक गुणहरुको आधार हो । यसलाई व्यक्तिगत मुक्तिको सुत्र मा व्याख्या गरिएको छ, "सम्पुर्ण सुन्दर गन्तव्यको लागि यो एक पुल हो ।" गुम्बामा बस्ने बौद्धमार्गीहरुले कुनै गहना, जस्तो ढुङ्ग्री चुराहरु लगाउनु राम्रो हुन्न । तर ज्ञानबोध प्राप्त नगरिहालेका सम्पन्न मानिसहरुको लागि सबैभन्दा ठूलो गहना भनेकै मानिस र देवहरुबाट पाउने आर्शिवादहरु हुन् ।

सम्पुर्ण चेनशील प्राणीहरुमाझ ज्ञानबोध प्राप्त गर्ने आफ्नै खाले विविध क्षमता हुन्छ । जसको चिन्तन एकदमै बलियो छ, उसले श्रमनेरा२१को समन्वय गर्न र अवलोकन गर्न पाउनेछ वा स्रामनेरिका ज्ञानबोध गर्नेछ । साथै भिक्षु२२(भिक्खु, पाली) वा भिक्षुणीको ज्ञानबोध प्राप्त गर्नेछ । तर यदि कसैलाई आफ्नो घर छोडी गुम्बाको समुदायसँग जोडिने अवसर प्राप्त हुन्न भने, उनले कम्तीमा पाँच ज्ञानबोधमध्ये एक ज्ञानबोधलाई अभ्यास गरिरहेका अभ्यासकर्तालाई अवलोकन गर्नुपर्छ, वा चिन्तन गरिरहेको मनसमक्ष शरण लिनुपर्छ । अभ्यासकर्ताको लागि यी ज्ञानबोधहरुको अवलोकन बेगर कुनै लाभ लिन असम्भव सरह छ । नागार्जुनको साथीलाई पत्रमा पनि लेखिएको छ,

आफ्ना बाचाहरु नतोड, नछोड

प्रदुषणबाट मुक्त, भ्रष्ट नभएको
पृथ्वीमा सतह जस्तो सम्पुर्ण हिँड्ने र बस्नेहरुको लागि जस्तो
अनुशासित, भनिन्छ, जे जति राम्राहरु छन् उनीहरुबाट निर्मित

पृथ्वीको यहाँका सम्पुर्णको लागि आधार हो । त्यसरी नै, हाम्रा जन्मका गुणहरु ज्ञानबोधका आधारमा बनेका हुन् । यदि हामीले ज्ञानबोधको एक आधारलाई प्राप्त गरि सम्हाल्न सकेनौं भने हाम्रो लागि अर्को जन्ममा कुनै चेतनशील प्राणी वा मानिसको जन्म लिनु धेरै कठीन छ, मुक्तिको त परको कुरा रह्यो । त्यसकारण थोग्मे जाङपोबोधिसत्वका सैंतिस अभ्यास मा भन्नुहुन्छ
यदि, अनुशासन नभएमा, मानिसले केहि राम्रो गर्न सक्नेछैन

र हाँस्यादपद हुनेछ कि उसले अरुको भलो गर्नेछ

ज्ञानबोध तोड्नुको गल्तीहरु
ज्ञानबोध तोड्नुको गल्तीहरु

सम्पुर्ण क्षणीक वा विशिष्ट खुशीहरु
सच्चा ज्ञानबोध अवलोकनपछि आएका परिणामहरु हुन्

र ज्ञानबोध तोडेको खण्डमा उसले तलको लोकमा जन्म लिनेछ
सहि निर्णय गर तिमी र अल्मलिएर नफँस

मानव र देवलोकमा पुर्नजन्म पाई त्यसको अस्थायी लाभ लिई र अलौकिक आत्मज्ञानको आनन्द र मुक्ति लिनु साँचोज्ञानबोधका परिणामहरु हुन् । जसले यी सपथहरुहरुको पालना गर्दैनन् वा तोडिदिन्छन्, उनीहरु तल्लो लोकमा पक्कै पतन हुनेछन् । त्यसर्थ, अभ्यासकर्ताले आफ्ना दुविधाहरुलाई निराकरण गर्दै सहि निर्णय लिनुपर्नेछ ।

व्यक्तिगत मुक्तिको सुत्रमा पनि भनिएको छ जसले ज्ञानबोधलाई तोड्छ उनीहरुको गन्तव्य तल्लो लोकमा नर्कवासी, भोका राक्षस र जनवारको माझ हुनेछ । यससँगै, संक्षिप्त प्रज्ञापरमिता सुत्रमा पनि भनिएको छ, “जो मान्छे ज्ञानबोधलाई तोड्छ उनीहरुले आफ्नै सेवा गर्न पनि असमर्थ हुन्छन्, अरुको सेवा त परको कुरा ।”

साँचो ज्ञानबोध कलियुगमा अनुभुत गर्नु धेरै नै कठिन हुँदै गइरहेको छ । अझ भन्नुपर्दा, गुम्बामै रहनेहरुलाई समेत यो उच्च संचार र उपभोक्तावादी युगमा शुद्ध ज्ञानबोध प्राप्त गर्न अझ कठिन भइरहेको छ । टिभी, ल्यापटप र सेलफोनहरुले मानिसहरुलाई संवेदी उत्तेजनाहरुलाई जगाएर क्रमशः फँसाइरहेका छन् । परिणामस्वरुप मानिसहरुमाझ साँचो अर्थमा चिन्तन छैन र पुरानो समयको अभ्यासकर्ताजस्तै, थोरै मानिसहरुमात्र दुर्गम र एकान्त स्थानमा धर्मको एकाग्र भएर अभ्यास गरिरहेका छन् ।

यद्यपी, हामीमाझ एक तहको बोधपश्चायत, हामीमाझ साँचो अर्थमा आत्माज्ञान प्राप्त गर्ने चाहना हुन्छ, हामीले पाँच ज्ञानबोधलाई मनन गर्दै तीन कुराको सपथ लिनुपर्छ । यदि कसैले यी सपथहरु तोडेमा, यसलाई विज्ञ गुरुबाट फेरि ग्रहण गर्नुपर्छ ।

यसको एक कारण, जसरी फूल, झारपात र रुखहरु पृथ्वीमा उम्रन्छन्, ज्ञानबोधको सतहमा गुण उम्रन्छ र मौलाउँछ । लामा सोङखापाका आत्माज्ञानका मुख्य मार्गमा एक सुत्रको बारेमा बताइएको छ, जसले भन्छ यो कलियुगमा जोकोहिले एकदिन मात्रको लागि पनि ज्ञानबोधलाई अनुशरण गर्छ उसले बुद्धप्रति निछावर गरेको दानहरुले लिने लाभ वा हजार अर्बौं युगको बोधित्वबाट लिएको लाभ भन्दा धेरै गुणा हुनेछ । त्यसर्थ, यो कलियुगमा दुविधामा परि आफ्नो लक्ष्यप्रति विमुख हुन हुन्न । हामी आफ्ना निर्णयहरुलाई लिँदा कारण र त्यसको परिणामको विषयमा सावधान रहनपर्छ ताकी ती अवस्थाले हाम्रो सपथहरु नतोडियोस् । यो नै हाम्रो लक्ष्य हो ।

सात्विक व्यक्तित्व विकास गर्नुका कारणहरु
सात्विक व्यक्तित्व विकास गर्न उत्प्रेरित गर्नुहोस्
सात्विक व्यक्तित्व विकास गर्नुका कारणहरु
आफ्नो वचन र निर्णयप्रति दृढ रहनुहोस्

मनमा दाया करुणाले भरिएको मानिस हुनुहोस्
आफैँलाई लामो समयको लागि लाभ मिल्नेगरि
थोरै जानकारी पनि हालको समय अरुको लाभको लागि हो ।

सात्विक व्यक्तित्वको महत्व
सात्विक व्यक्तित्वको गुण के हो भने, हामी जहिल्यै पनि परिवार होस् या साथीहरु काम र बचनको पक्का हुनुपर्छ, अर्थात हाम्रो हृदयभित्र दयाकरुणाको दृढता हुनपर्छ । र यदि हामी कालान्तरसम्म स्वयमलाई लाभ पु¥याउन चाहन्छौँ भने, यसको सार वर्तमानमा अरुलाई लाभ पु¥याउनु हो ।

धर्मको अभ्यासको लागि सात्विक व्यक्तित्व चाहिन्छ, जसलाई धेरै वर्षको शिक्षा पश्चायत श्रद्धेयी गुरुद्वारा संक्षिप्तमा यसका महत्व बताउनुहुन्छ । लारुङ गार पढ्ने जोकोहिले श्रद्धेयी गुरुका अनुसार तीन निमयको पालना गर्नुपर्छ । र ती हुन्, १) सात्विक व्यक्तित्वको जगाउनु २) सच्चा ज्ञानबोधलाई सम्हाल्नु ३) सुन्नु, मनन गर्नु र धर्मको शिक्षा अनुसार ध्यान गर्नु ।

चाहे कोहि महायानी या बज्रयानी शिक्षा लिइरहेको होस्, दुवैमा जोकोहिको लागि सात्विक व्यक्तित्व अपरिहार्य छ, नत्र यो बेगर धर्मको अभ्यासको प्रक्रिया असम्भव छ । जो मिफाम रेन्पोछे द वर्डस् अन द मन्डेन एन्ड ट्रान्समन्डेन (सांसारिक र पारसांसारिक गुप्त भाषाका शब्दहरु) मा भन्नुहुन्छ

बुद्धधर्मका आधार भनेकै शब्द नियम हुन्
यदि कोहि यस संसारमा निष्ठावान छैन भने
उसले बुद्धधर्मको परम सिद्धान्तलाई कहिल्यै बुझ्नसक्नेछैन
आत्माज्ञान त परको कुरा

सात्विक व्यक्तित्व के हो ?
श्रद्धेयी गुरुद्वारा सात्विक व्यक्तित्वको लागि निम्न मानकहरु खोज गरि हामी सम्पुर्णलाई यसको स्मरणको अपेक्षा गर्नुभएको छ ।

“साथीहरुसँग आफ्नो वचन र कर्ममा सदैव दृढ रहौ ।” जुन उमेर वा तहतप्काका साथी या परिवारजन हुन् हामी शान्तिसँग प्रस्तुत हुनुपर्छ । सांसारिक दृष्टिकोणबाट जो व्यक्तिमा असल गुणहरु हुन्छन् उसको माथिल्लो तप्कासरह इज्जत हुन्छ, दुःखी दरित्रप्रति करुणा हुनेछ र आफ्नो समकालिनप्रति आत्मियता हुनेछ ।

तिब्बती धर्ममा एक रुपक छ, “जब हजारौँ याकहरु उकालो चढिरहेका हुनेछन्, गाबा (कमजोर किसिमको याक) ओरालो कुदिरहेको हुनेछ ।” यो एक सुन्दर चित्रण हो । जो मानिस आफ्नो खराब गुणले युक्त हुन्छ ऊ अरुसँग जुधिरहेको हुन्छ । मानिसहरु यस्तो चारित्र भएको मानिस नहुँदा सन्तोषको सास फर्छन् । त्यस्ता मानिसहरु जानु भनेको आँखाको फुलो हटेसरह हो, उनीहरुको मृत्यु कुनै उत्सवसरह हुन्छ ।

बुद्ध भन्नुहुन्छ, ''सांसारिक मानिसहरुसँग म जोडिनुपर्छ ।'' यदि बुद्ध स्वयम यसो भन्नुहुन्छ भने हामी साधारण मानिसहरुले त यसको पालना पक्का गर्नुपर्छ । तर जोडिनुको अर्थ पक्का पनि सिद्धान्तबेगर जोडिनु भन्ने हुन्न । स्वीकार्नुको वा सम्मिलित हुनुको अर्थ कसैको स्वार्थ वा घृणालाई स्वीकार्नु भन्ने हुन्न । हामी धर्मअनुरुपमको विवेकपुर्ण कर्महरुसँग जोडिनुपर्छ जसको, हामी सबैसँग ताल मिलाएर रहनुपर्छ ।

''इमान्दार व्यक्ति बन ।'' जति जे हामी भन्छौं वा गर्छ त्यो सदैव सफामन, इमान्दार र विभेदविहिन हुनुपर्छ । हामी स्वयम र अन्यप्रतिको आकर्षणबाट स्वतन्त्र हुनुपर्छ । थपमा हामीले आफैंलाई कहिल्यै निर्णयक स्थानमा राख्नुहुन्न, न अन्यायपुर्ण निर्णय लिनुहुन्छ । हामी सत्यको पक्षमा रहि सदैव विभेदविहिन रहनुपर्छ । त्यसैले मानव इमान्दार बन्न आवश्यक छ । त्यसपछि हामीलाई गलत बुझियोस् वा निन्दा गरियोस् त्यसले कुनै हानी गर्ने छैन । हाम्रो करुणा र इमान्दारी प्रकृतिको व्यवहार छापावाल सुनजस्तो चम्किनेछ, कुनै अन्धकार वा बाधाले हामीलाई निस्तेज गर्न सक्नेछैन ।

''दयालुपन सहित ।'', यदि कोहि मानिससँग इमान्दारिता छ र अन्य व्यक्तिहरुसँग जोडिने इच्छा राख्छ तर उनको मन क्रुर अनि व्यैक्तिक चरित्रमाथ प्रश्न उठ्छ । मन सम्पुर्ण कुराको जड हो । लामा सोङखापाले एकपटक भन्नुभएको थियो

यदि नियत ठीक छ भने, सबै तह र मार्गहरु सहि छन्
यदि नियत खराब छ भने, सबै तह र मार्गहरु खराब छन्
सबैकुरा नियतमाथि भर पर्छ त्यसैले
निश्चय गर ती सकारात्मक छन्

यदि कसैको मन दयालु छ भने, सबैकुरा उज्यालो हुनेछ तर कसैको हृदय ठीक छैन भने, ऊ अन्धकारतिर बढिरहेको छ ।

यी तीन सिद्धान्त हरकोहि मानवहरुको लागि अत्यन्तै महत्वपुर्ण छन् । श्रद्धेयी गुरुद्धारा यसको फाइदा कालान्तर सम्म लिन चाहन्छौं भने, अरुको भलो गुर्न नै सबैभन्दा प्रभावकारी सार हो । एक औसत मानिसको भएकोमा, आफनै भलाईको बारेमा कहिल्यै नसोच्नु पनि अव्यवाहारिक छ, तर आफ्नो बारेमा सोच्दै गर्दा वा कुनै लक्ष्यप्राप्तीको लागि अरुको हानी गर्नुले हामी कहिँ पुग्दैनौं । अरुको सेवा गुर्न आफ्नै फाइदा पुऱ्याउनु पनि हो, यो स्वार्थी जस्तो सुनिन सक्छ, सत्यअर्थमा यस्तो सोच्नु हुन्न । यदि हामी साँच्चै हाम्रो परम्परावादी चिन्तनबाट यसलाई जगाउन सकेनौं भने, हामीले आफ्नै भलो र अस्तित्वको लागि हामी अझ नम्र हुन सक्छौं ।

एकदिन श्रद्धेयी गुरुले मजाकै मजाकमा भन्नुभयो, “धेरै समयको अनुभवपश्चायत, मलाई ज्ञात भयो कि धेरै मानिसहरुलाई थोरै मात्र सांसरिक बोधको बारेमा थाहा छ । उनीहरु स्वार्थपुर्ण तरिकाले सिर्फ आफैंलाई मात्र फाइदा पुऱ्याउन खोजे, जबकी यो कुनै महत्वपुर्ण वा आवश्यक तरिका थिएन । उदाहरणको लागि कोहि मानिसले कसैलाई माया गर्छ र अर्को मानिसको स्वतन्त्रता खोस्दै अधिकार जमाउन खोज्छ । यसको परिणाम मिश्रित छ । कसैले प्रेमलाई अन्तरहृदयबाट फरक तरिकाले व्यक्त गरि प्रेम गर्न सहयोग गर्नसक्छ । यसरी उसले अरुको प्रेम प्राप्त गर्न सक्छ । हामी जब बुद्धधर्मको विषयमा पढ्छौं, यदि हामीले सात्विक व्यक्तित्वको महत्वको बारेमा जानेनौं भने, र असल गुणहरु जगाउन प्रयास गरेनौं भने, हामी आत्माज्ञानको तहसम्म हाम्रो अभ्यासहरु मार्फत पुग्न असमर्थ हुनेछौं ।

सात्विक व्यक्तित्व व्यवस्थापनका फाइदाहरु
असल गुण भएको मानिसका यी मानकहरु हुन्
र सम्पुर्ण विगत, वर्तमान र भविष्यका बुद्धहरुको सिर्जनात्मक सार
अनि चारै आकर्षणका धर्मका पनि सार
तिमी मध्ये जो कोहि, मेरा शिष्यहरु, कहिल्यै, कहिल्यै नबिर्स !
सात्विक व्यक्तित्व व्यवस्थापनका फाइदाहरु

समावेशी र पुर्ण नैतिक दृष्टिकोणबाट, सात्विक व्यक्तित्वलाई असल व्यक्तिको पर्यायबाट पनि हेर्न सकिन्छ । आत्माज्ञान लिने दृष्टिकोणकबाट सम्पुर्ण विगत, वर्तमान र भविष्यका बुद्धहरुबाट बुद्धत्व प्राप्त गर्ने विशिष्ट कलाको रुपबाट लिन सकिन्छ । यो आकर्षणका चार धर्मको बोधिसत्व पालना गर्नेहरुको सार पनि हो । सम्पुर्ण बोद्धमार्गीहरुले यसलाई नबिर्सि मनन गर्नुपर्छ ।

सात्विक व्यक्तित्व “असल मानिसको शुछ मापक हो”, एक पतन हुँदै गरेको प्राणीलाई नियन्त्रण गर्ने आधारभुत सिद्धान्त । बुद्ध धर्मको तिब्बती इतिहासको सुनौलो समयमा, सम्राट सोङसान गम्पोले असल मानिसको लागि १६ कार्यविधि[२३] को तय गरेका थिए, जसमध्ये भक्तिको विकासको लागि त्रि-रत्नप्रति झुकाव, पवित्र धर्मको अभ्यास र खोज, आफ्नो अभिभावकप्रति दयाभाव, इमान्दारीता, थोरै इर्श्या र आदि इत्यादी थिए ।

सात्विक व्यक्तित्व सिर्फ सांसारिक जीवनमाथि राज गर्नका निम्ति मात्र हैन, यो त त्यो भन्दा बढि हो, आत्माज्ञानयुक्त जीवनको कार्यविधि हो । वास्तवमा, यो सम्पुर्ण विगत, वर्तमान र भविष्यका बुद्धहरुले बुद्धत्व प्राप्त गर्ने मार्गमध्ये सबैभन्दा "कुशल माध्यम" हो । हामी चाहे जुनसुकै बुद्धहरुलाई उदाहरणको रुपमा लिऔं, ऊ आफ्नो दैनिक जीवनहरुमा असल मान्छे नै भएको हुनुपर्छ ।

चाहे हामी उनको जागृति र आत्माज्ञानका उपलब्धीहरुलाई छेउमा राखौं, हामी सजिलौ गरि भन्न सक्छौं कि साँचो अर्थमा आत्माज्ञानले भरिएका गुरुहरु आफनो अद्भुद व्यक्तित्वले अत्यन्तै आकर्षक बनेका हुन्छन् । खेन्पो सोदार्गे आफ्नो प्रवचनको क्रममा भन्नुहुन्छ, "मैले मेरो जीव्नकालभरि धेरै आध्यामिक गुरुहरुलाई पालना र भर परें, उनीहरुको शब्द अनि कर्म औसत मानिसको कल्पना भन्दा पर हुन्छ । यी महान गुरुहरु, आफ्नो सात्विक व्यक्तित्वको कारणल यो समावेशी संसार भन्दा अनन्तको विशिष्ट अवस्थामा पुगेका हुन्छन् ।"

सात्विक व्यक्तित्व, "आकर्षणका चार धर्मका सार"२४ पनि हुन्, जसमा १) प्रेमतिर उत्प्ररित गर्दै सत्य प्राप्त गराउन उनीहरुले चाहेको दिने २) सोहि कारणको लागि नम्र बोल्ने ३) सोहि कारणको लागि अरुको भलो गर्ने ४) सत्य उन्मुख गराउनको लागि आफु स्वयमले अरुसँग सहकार्य गर्ने । यी बोधिसत्वका चार कार्यहरु हुन जसले चेतनशील आत्माहरुको भलो गर्छ । यी सबै सात्विक व्यक्तित्व निर्माणका लागि आवश्यक छन् । सात्विक व्यक्तित्वको कारण, कसैले दिन इच्छा गर्छ, नम्र बोल्ने इच्छा गर्छ अरुको भलो गर्ने आकंक्षा राख्छ, अनि अरुसँग सहकार्य गर्नको लागि आफु अरु अनुकुल हुन्छ, जसले उसलाई आत्माज्ञान उत्मुख गराउनेछ ।

श्रद्धेयी गुरुको मुख्य सुझाव
माथि उल्लेखित कारणहरुले गर्दा, श्रद्धेयी गुरु मनबाट सुझाव दिनुहुन्छः "ती शिष्यहरु जसलाई म प्रति विश्वास छ, तिमीहरुले सदैव सद्गुणयुक्त व्यक्तिको स्मरण गर्नुपर्छ । आज होस् या भविष्यमा, जहिल्यै । यदि तिमी असल मानिस बन्न सकेनौ भने, तिमीहरुले गरेका सम्पुर्ण कार्यहरु जरा बिनाका रुखहरु जस्तै न बढ्ने न फुल्न सक्ने हुनेछन् ।"

विगतमा, सम्मानानिय गुरु कदम्पाहरुले सुरुमा विद्यार्थीहरुको व्यक्तित्व हेरेर मात्र शिष्यको रुपमा चयन गर्न गर्थे । यदि विद्यर्थीमा असल गुण छैन भने, गुरुहरुद्धारा उनीहरुलाई शिष्यको रुपमा स्वीकार नगर्ने र धर्मको वंश उनीहरुबाट निरन्तरता दिंदैनथे । अर्को पक्षमा, यदि कोहि असल मानिस हो तर बुद्धिमान छैन भने पनि गुरुद्धारा असल शिष्यको रुपमा छनौट गरिन्थ्यो । त्यसर्थ, सात्विक व्यक्तित्व, विद्धान हुनुभन्दा पनि एकदम गहन तत्व हो । असल मानिसको लागि सुन्दर बनावट, सुमधुर आवाज, भद्र व्यवहार जरुरी छैन, बरु उसको हृदयमा दया हुन आवश्यक छ ।

केहि साधारण कुराहरुप्रति मानिसहरुको असन्तोष हुनु त्यति फरक कुरा होइन । स्वयम संघका केहि भिक्षु र भिक्षुणीहरु जो बुद्धकै वरिपरि हुन्छन् उनीहरुले पनि समान समस्या अनुभुत गर्छन् । मिलाएर भन्नुपर्दा, चाहे जुनसुकै मार्गको अनुयायी हौं, महायानी या बज्रयानी पृष्ठभुमी, संघ मिलेको सुसंगतयुक्त वातावरण तयार गर्दै सम्पुर्णलाई अनुकुल हुने समुदायको रुपमा रहनुपर्छ । खेन्पो सोदार्गे भन्नुहुन्छ, "यो पनि सात्विक व्यक्तित्वको अभिव्यक्ति हो ।"

सारांशमा, श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछेद्धारा चार मुख्य सारलाई यस पाठमा औंल्याउनुभएको छ, जो महायानी र बज्रयानी शिक्षाको सन्दर्भमा दुविधा मुक्त विवेक, बोधिचित्त, त्याग र सात्विक व्यक्तित्व हुन् । यी चार सारहरु ८४,००० हजार धर्मका सार हुन् जसलाई श्रद्धेयी गुरुद्धारा आफ्नो सैद्धान्तिक शिक्षा र व्यक्तिगत बोधको आधारमा छोट्याउनु भएको हो । हामी सबैले यो कुरा गहिरो गरि मनन गर्नुपर्छ ।

समर्पण

समापन

समर्पण

सम्पुर्ण चेतनशील आत्माहरुमा म यो पुण्य समर्पित गर्न चाहन्छु

मेरो कामना छ उनीहरु संसारको यो खाल्डोबाट पार पाउन
कामना छ मेरा शिष्यहरुका हृदय आनन्दले भरिउन्
र पश्चिमको अलौकिक स्वर्गमा उनीहरुको पुर्नजन्म होस्

यो ग्रन्थ निर्माण्को क्रममा प्राप्त भएका लाभ र पुण्यहरु ती चेतनशील आत्माहरुलाई जो आमा बनिसके। कामना गरौँ उनीहरु संसारको छ लोकको भयानक दुगर्तिबाट पार पाइसके। यसै बिचमा, माथि उल्लेखित ८४,००० धर्मका विधिहरुका सारलाई चार सारमा बताइएको छः कामना गरौँ सम्पुर्णको मन मस्तिष्कमा जो श्रद्धेयी गुरु जिग्मे फुन्टसोक रिन्पोछे र बौद्ध धर्मप्रति आस्था राख्छ, पुण्य कमाउनेछ। कामना गरौँ, ती सम्पुर्ण चेतनशील प्राणीहरु, मनोहर आत्मियतासँगै, पश्चिमको साँचो भुगोलमा पुर्नजन्म लिनेछ, परम शान्ति र सुखभोग गर्नेछ अनि अनगिन्ती चेतनशील आत्माहरुलाई लाभ गर्नेछ।

गीत निर्माणको पृष्ठभुमी

गीत निर्माणको पृष्ठभुमी

तिब्बती क्यालेन्डरको सत्रौँ चक्रमा र अग्नी मुसक वर्षको समय, श्रद्धेयी गुरु र शिष्यहरुले सम्पुर्ण बाह्य, आन्तरिक र रहस्यमी बाधाहरुमागि विजय प्राप्त गरेका थिए । उक्त शुभ दिनमा, गवाङ लोद्रो सुङमेदछारा उक्त विजयको उत्सव मनाइएको थियो र बिनातयारी पाँच हजार गुम्बाका सेवकहरुको सामुन्ने गाइएको थियो, साधु

तिब्बती पात्रोभित्र साठी वर्षको एक चक्र हुन्छ । सन् १०२७ बाट तिब्बती इतिहासको क्रमागत दस्तावेजीकरण सुरुवात भएको थियो । जुनबेला श्रद्धेयी गुरुले विजयको गीत निर्माण गर्नुभएको थियो त्यो वर्ष तिब्बती पात्रो अनुसार सत्रौँ चक्र थियो आर्थत अग्नी मुसक वर्ष, (सेप्टेम्बर २१, १९९६) । माथि उल्लेख भएजस्तै, यसको निर्माण श्रद्धेयी गुरु आफ्ना सम्पुर्ण बाह्य, आन्तरिक र तान्त्रिक बाधाहरुमाथि विजय प्राप्त गर्दै गुम्बा फर्केपछि, आफ्ना सम्पुर्ण शिष्यहरुसँगको आनन्दयुक्त पुर्नमिलन भएको थियो । गुम्बाद्धारा बज्र धर्ममा आधारित रहि यो विशेष दिनको लागि एक धार्मिक मनोरञ्जन सभा आयोजना गरेको थियो । जसमा श्रद्धेयी गुरुको बिमारी र निको भएको कुरालाई व्यक्त गरिएको थियो, साथमा पुजनीय ड्रोम्तोन्पा साथै जु मिफाम रिन्पोछद्धारा केहि दोहा श्रद्धेयी गुरुलाई आर्शिवादका सरह गाइएको थियो ।

गवाङ लोद्रो सुङमेद श्रद्धेयी गुरुको धर्मिक नाम हो । वहाँले विजयको गीतलाई गुम्बाका लगभग पाँच हजार सेवकहरुलाई वरिपरि राख्दै बिना तयरी गाउनु भएको थियो, साधु ! साधु !